बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

हेटौंडा, नेपाल

## स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

(प्रकाशित मिति २०८२/१०/१५ गते)

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले **"स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८२"** बमोजिम कार्यविधिको दफा ४ का सर्तहरू पुरा भएका र तपसिलमा उल्लेख गरिए अनुसारका कागजातहरू सहित बालविकास केन्द्र स्तरोन्नति सम्बन्धी कार्यविधिको **अनुसुची-१** को क्षेत्र बमोजिमको कार्यक्रम योजना र **अनुसूची-२** को ढाँचामा प्रस्ताव तयार गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस कार्यालयमा पेश गर्न मकवानपुर, चितवन र सिन्धुली जिल्ला भित्रका इच्छुक सामुदायिक विद्यालयहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | क. प्रस्ताव पेश गर्ने विद्यालयहरूले पुरा गर्नु पर्ने सर्तहरू:- |
|---|---|
| स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम | १. प्रारम्भिक बाल विकास केन्द्रको उमेर समुहका कम्तिमा २० जनासम्म बालबालिका भर्ना भई अध्ययन गरिरहेको,<br>२. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरे अनुरूप न्यूनतम सुविधा भएको छुट्टै भवन वा छुट्टै कक्षाकोठा भएको,<br>३. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये **अनुसूची-१** मा उल्लेख भएका क्षेत्रहरूमा खर्च गर्न लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको स्थानीय तहले गरेको प्रतिवद्धता सहितको सिफारिस पत्र,<br>४. सहकार्यका लागि कार्यालयबाट उपलब्ध हुने अनुदान रकमबाट ल्यापटप, सिसिटिभि खरिद गर्न, तलव भत्ता, शैक्षिक भ्रमण खर्च, बैठक भत्ता, खाना तथा खाजा र जग्गा खरिद शीर्षकमा खर्च पाइने छैन ।<br>५. प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा यस कार्यक्रममा अनुदान प्राप्त गरेका विद्यालयले आवेदन दिन पाइने छैन। |
| | **ख. प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातहरू:-** |
| | १. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये स्थानीय तह र यस कार्यालयबाट सहकार्य गर्ने गरी सम्बन्धित स्थानीय तहले गरेको प्रतिवद्धतासहित सिफारिस पत्र,<br>२. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपि,<br>३. हाल कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र तालिम प्राप्त प्रमाण पत्र प्रतिलिपि, हाल कार्यरत भएको नियुक्ति पत्रको प्रतिलिपि,<br>४. बालविकास केन्द्रमा भर्ना भई अध्ययनरत बालबालिकाहरूको **IEMIS** को नामनामेसी विवरण,<br>५. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको गठन मिति खुलेको स्थानीय तहको सिफारिस,<br>६. प्रस्तावित बजेटको कार्यविधिको **अनुसूची-१** को क्षेत्र अनुसार रहि कार्यान्वयन योजना,<br>७. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजात,<br>८. बालविकास केन्द्रको स्थिति झल्कने तस्बिरहरू । |
| **स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित सर्तहरू पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।** | |

**नोट:** उल्लिखित "स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८२" सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट तथा यस कार्यालयको वेवसाइट: osdhetauda.bagamati.gov.np मा हेर्न सकिने छ। साथै थप जानकारीको लागि ९८४५१०२९९७ मा सम्पर्क राख्न सकिनेछ ।

कार्यालय प्रमुख